# ६९औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (डिसेम्बर १०) विषेशाङ्क


# मानव अधिकार पत्र

Human Rights Newsletter

राष्ट्रिय मानव अधिकार अयोग

बर्ष ३, अङ्क २ २०७४ मंसिर





संयुक्त राष्ट्र संघको महासभाद्वारा सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ पारित भएको दिनको अवसरमा विश्वव्यापी रुपमा नै १० डिसेम्बरलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको रुपमा मनाउने गरिन्छ। राष्ट्रिय मानव अधिकार अयोगको "सबैको लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार" र अन्तर्राष्ट्रिय रुपमा "Let's Stand up for Equality, Justice and Dignity" अर्थात् "समानता, न्याय र सम्मानको लागि उठौं" भन्ने नाराका साथ आयोगले ६९औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाएको हो । यसका साथै नागरिक समाजसँगको सहकार्यमा आयोगले मानव अधिकारको राष्ट्रिय महाभेला २०७४ समेत सम्पन्न गरेको छ । आयोगका सम्पूर्ण क्षेत्रीय कार्यालयहरु र उपक्षेत्रीय कार्यालयहरु समेतले १० डिसेम्बरको सन्दर्भमा प्रभातफेरी तथा अर्न्तक्रिया कार्यक्रमहरु सम्पन्न गरेका छन् ।

## ६९औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा आयोगद्वारा आयोजित कार्यक्रम

राष्ट्रिय मानव अधिकार अयोगले ६९औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा औपचारिक कार्यक्रम सम्पन्न गर्‍यो । हरिहर भवनस्थित आयोगको केन्द्रीय कार्यालयको प्राङ्गणमा सम्पन्न कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा प्रमुख अतिथि रहनुभएको थियो । आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल सरकारका मन्त्रीहरु, आयोगका माननीय सदस्यहरु तथा संवैधानिक निकायका प्रमुख एवं सदस्यहरु, न्यायाधीशहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरु, आयोगका सचिव, महामहिम राजदुत तथा कुटनीतिक निकायका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुखहरु, सर्वोच्च अदालतका मुख्य रजिष्टार, विभिन्न राजनीतिक दलका प्रतिनिधि, आयोगका पूर्व सदस्यहरु, गैसस महासंघका पदाधिकारीहरु, नागरिक समाज, मानव अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु लगायतको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवा, आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्मा, मानव अधिकार राष्ट्रिय महाभेला २०७४ का संयोजक लीली थापा, UN Resident Coordinator, Valerie Julliand ले मन्तव्य राख्नुभएको थियो । आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालले कार्यक्रममा स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन आयोगका सम्बर्द्धन तथा वकालत महाशाखा प्रमुख यज्ञ प्रसाद अधिकारीले गर्नुभएको थियो ।

# अतिथि वक्ताहरुको मन्तव्यको शारांश

## सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा :




माननीय राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षज्यू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

अन्तर्राष्ट्रिय मानवअधिकार दिवस, डिसेम्बर १० को सन्दर्भमा मलाई आमन्त्रण गर्नु भएकोमा धन्यवाददिन चाहन्छु ।

राष्ट्रिय मानवअधिकार आयोग पेरिस सिद्धान्त बमोजिम गठित स्वतन्त्र र स्वायत्त संस्था रहेको छ । यसको स्वतन्त्रता र स्वायत्तको सिद्धान्तलाई मननगर्दै यसलाई वर्तमान नेपालको संविधान २०७२ ले समेत यसको संवैधानिक अस्तित्व र हैसियतलाई स्वीकार गरी थप शक्तिशाली बनाएको छ । आयोगले मानवअधिकार संरक्षण तथा सम्वर्द्धनमा पुऱ्याएको योगदानप्रति नेपाल सरकार प्रशंसा गर्दछ। नेपाल सरकारलाई आयोगले संयुक्त राष्ट्र संघिय मानव अधिकारका विभिन्न सन्धीजनित समितिहरुमा, संयूक्त राष्ट्र संघिय मानवअधिकार परिषदको विश्वव्यापी आवधिक समिक्षा वैठकमा समेत राय परामर्स उपलब्ध गराई सहयोग गरेको र नेपाल सरकारको मानवअधिकार राष्ट्रिय कार्य योजनाको निर्माण र कार्यान्वयनको अनुगमन गरी पुरयाएको योगदानले पनि नेपाल सरकारलाई मानवअधिकारको संरक्षण, सम्वर्द्धन र यसको परिपालना गर्न थप मद्धत पुगेको छ। अयोगको स्वतन्त्रता र स्वायत्ततालाई कतैबाट आँच आउन नदिन नेपाल सरकार सदैव प्रतिवद्ध रहेको जानकारी गराउन चाहन्छु ।

नेपाल सरकारले आयोगलाई भौतीक, स्रोत साधन र आवश्यक पर्ने वजेट विनीयोजन गर्दै आएको छ। प्रत्येक बर्ष आयोगले माग गरि आएकै अनुपातमा नेपाल सरकारले राष्ट्रिय मानवअधिकार आयोगलाई बजेट उपल्बध गराउदै आएको छ। आयोगलाई आवश्यक पर्ने जुनसुकै सहयोग गर्न नेपाल सरकार तयार रहेको म यहाँ जानकारी गराउन चाहान्छु। आयोगले भुकम्प पश्चात आफनो भवन नभएको कठिन अवस्थामा पनि प्रभावकारी रुपमा कार्य संचालन गर्दै आएको छ। यसको भवन तत्काल प्राथमिकताकासाथ निर्माण गर्न नेपाल सरकारले प्राथमिकतामा राखेको छ।

नेपाल सरकारको मानवअधिकार र सक्रमणकालिन न्यायको प्रतिबद्धता र चाहनालाई द्वन्दकालिन घटनालाई शान्ति, मेलमिलाप मार्फत सम्बोधन गर्न सत्य निरुपण तथा मेलमिलापआयोग र वेपत्तापारिएको ब्यक्तिहरुको छानवीन आयोग गठन भईकाम गरी आएका छन। नेपाल सरकार राष्ट्रिय मानवअधिकार आयोग र यी अन्य दुवै आयोगको सिफारिसहरु कार्यान्वयन गर्न प्रतिबद्ध रहेको छ। राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरु नेपाल सरकारले कार्यान्वयनमा प्राथमिकता दिएको र प्रत्येक बर्ष नेपाल सरकारले क्षतिपूर्ति, राहत र भरणपोषणमा बजेट बृद्धि गरेको, आरोपीत व्याक्तिलाई विभागियकारवाही गरिएको जनकारी समय समयमा नेपाल सरकारले आयोगलाई उपलब्ध गराई आएको छ।

लोकतन्त्र, मानवअधिकार र कानूनीशासन एक अर्काका परिपुरक रहेका छन। मानवअधिकार वेगर लोकतन्त्र सुनिश्चित नहुने र कानूनी शासनबाट मात्र लोकतन्त्र सुदृढ भई मानवअधिकार बलियो हुने हुनाले हामी सबैले सामुहिक रुपमा लोकतन्त्र, मानवअधिकार र कानूनको शासनको पक्षमा कामगर्न आव्हान गर्दछु। यसै बर्ष सम्पन्न तिनै तहको निर्वाचनबाट लोकतन्त्र बलियो हुनेमा नेपाल सरकार दृढ छ। यसबाट संविधानको कार्यन्यवनमा मद्धत पुगेको छ। आयोगबाट भएको स्वतन्त्र अनुगमनबाट प्राप्त सुझावले नेपाल सरकारलाई मानवअधिकार संरक्षण गर्न थप मद्धत मिलेको छ। आयोगले गरेको निरन्तर अनुगमनको म प्रशंसा गर्न चाहान्छु ।

मानवअधिकार ठुलाबडा र शिक्षितको मात्र होइन । यो दुरदराजमा बस्ने गरिब, असहाय, वृद्ध, अपाङ्ग, अशक्त, बालवालिका, सिमान्तकृत समुदायको पनिहो। तसर्थ आयोगले नागरिक तथा राजनैतिक अधिकारसगै सिमान्तकृत वर्गका मानवअधिकार सम्वर्धन र संरक्षणमा थप योगदान पुऱ्याउने छ भन्ने विश्वास व्यक्तगर्दै अन्तर्राष्टिय मानवअधिकार दिवसको उपलक्ष्यमा आयोगका माननिय अध्यक्ष लगायत सबैलाई शुभकामनादिन चाहन्छु ।

मिति : २०७४ मंसिर २४ गते, आइतबार
डिसेम्बर, १०, २०१७

सम्माननीय शेर बहादुर देउवा
प्रधानमन्त्री

### माननीय अनूप राज शर्मा, अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग :

नेपालको संविधान, २०७२ ले मानव अधिकार, लोकतन्त्र, विधिको शासनलाई पूर्ण रूपमा आत्मसात गरेको बताउँदै आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले लोकतान्त्रिक मूल्य मान्यता र विधिको शासनबाट मात्र मानव अधिकारको सूचकांक माथि उठ्ने विचार व्यक्त गर्नुभयो । त्यसैगरी राजधानी तथा सदरमुकामहरु जस्तो व्यस्त ठाउँमा जीउ धन लुटिएको, आपराधिकता, धनठगी र महँगीबाट पिल्सिएकाहरूलाई राहतको मलहम कतैबाट नलगाइएको बताउँदै मुलुकमा मानव अधिकार अवस्था माथि उठाउनको लागि दिगो विकास, प्रभावकारी र अर्थपूर्ण जनसहभागिता, सम-न्याय, शान्तिसुरक्षा, दण्डहीनताको अन्त्य, सुशासन, राजनितिक स्थिरता साथै जनउत्तरदायी सरकार अनिवार्य रहेको समेत बताउनुभयो । नागरिकले आफ्नो मानव अधिकारलाई पूर्ण रुपमा अभ्यास गर्नको लागि संरचनागत व्यवस्था, संस्थागत व्यवस्थाका अतिरिक्त आम समुदाय, राजनितिक दल, आम नागरिक समेत आ-आफ्नो क्षेत्रबाट प्रतिबद्ध, सचेत र सजग हुन जरुरी छ ।




तापनि मानव अधिकारको संरक्षण, सम्बर्द्धन र सम्मानमा सरकारको भूमिका सर्वोपरि नै रहने कुरालाई सदैव मनन् गर्नुपर्ने भनाइ राख्नु भयो ।

### माननीय गोविन्द शर्मा पौड्याल, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग :




कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथिहरुलाई स्वागत गर्दै आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालले नयाँ संविधान र नयाँ संरचना अनुसार मुलुकमा तीनै तहको निर्वाचन सकिएको र निर्वाचनले दुई दशक पछि नागरिकले आफ्नो मताधिकार प्रयोग गर्न पाएको बताउनुभयो । साथै उहाँले मौलिक हक कार्यान्वयन गर्न निर्माण हुनुपर्ने कानून संविधानले तोकेको समयभित्रै निर्माण गरिनुपर्ने, संक्रमणकालीन संयन्त्रहरुले अहिले सम्म परिपूरण, राहत समेतमा निर्णय गर्न नसकेको, आयोगको सिफारिस १२ प्रतिशत मात्र कार्यान्वयन भएकोले मानव अधिकारप्रति सरकार थप संवेदनशील हुनुपर्ने, नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनाको अनुगमन समितिको बैठक बस्न नसकेको, अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरणका कारण दण्डहीनता यथावत रहेको, विषयगत आयोग र राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्राधिकारमा अन्यौलता रहेकोले यस सम्बन्धमा कानूनी व्यवस्था हुनु आवश्यक रहेको भनाई राख्नुभएको थियो ।

### संयुक्त राष्ट्र संघीय आवासीय प्रतिनिधी भेलारी जुलियाण्ड :

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ पारित भएको यस दिनले हामीलाई मानव अधिकारको संरक्षणमा लाग्न प्रेरित गर्नुपर्ने बताउँदै नेपाल संघीयतामा गएको अवस्थामा मानव अधिकारका विषयहरुलाई स्थानीयकरण गर्दै लैजानुपर्नेमा जोड दिनुभयो ।



उहाँले घोषणापत्रको मूलमर्म स्वतन्त्रता, समानता र सम्मान रहेकोले कसैलाई पनि  धर्म, जात, रङ्ग, भाषा, लिङ्ग, ठाउँको आधारमा विभेद र असमान व्यवहार गर्न नहुने बताउनुभयो । त्यसैगरी, विश्वव्यापी घोषणा पत्र पारित भएको सात दशक हुँदा समेत धेरै महिला र बालबालिकाहरु अति गरिबीमा बाँच्न बाध्य भएका, स्वास्थ्य, शिक्षा, शारीरिक संरक्षण जस्ता आधारभूत मानव अधिकारको उपभोगबाट वञ्चित रहेकाले सरकारले जोखिममा रहेका सिमान्तकृत वर्गका अधिकार संरक्षणमा विशेष ध्यान दिन आग्रह गर्नुभएको थियो ।

**लीली थापा, मानव अधिकार राष्ट्रिय महाभेला, २०७४ संयोजक :**

महिलाहरु विना पारिश्रमिक १७ घण्टा सम्म घरमा काम गर्न बाध्य भएको, युवाहरु रोजगारीको अभावमा विदेशिनु परेको बताउँदै महिला तथा युवाहरुको मानव अधिकार संरक्षणका लागि सरकारले गम्भीर भएर लाग्नुपर्ने बताउनुभयो ।




उहाँले हिंसा पीडित महिला आश्रयस्थल तथा सुरक्षाको अभाव रहेकोले र समाजबाट अवहेलना हुने डरका कारण हिंसा सहेर बस्नुपर्ने बाध्यता रहेकोले सरकारले महिला र युवाका अधिकार संरक्षण र संवर्द्धनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

**राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज:** ६९औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा मिति २०७४ मंसिर २४ गते मानव अधिकार र संघीयता बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्ज र मानव अधिकार सञ्जालको आयोजना तथा नेपालगंज उच्च अदालत बार एशोसिएसन, फियान नेपाल, एनएनडिएस,फेडो, सिविन, फातिमा फाउण्डेसन, इन्सेक, हरप्लेस, थर्ड एलायन्स, कोक्याप, बिग्रुप, आईएचआरसि, महिला कानून र विकास मञ्च, ल्याक, स्याक लगायतका मानव अधिकारवादी संघ सस्थाको सहकार्यमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्दै राष्ट्रिय मानव अधिकार आयोगका निमित्त क्षेत्रीय निर्देशक मुरारी प्रसाद खरेलले मानव अधिकार संरक्षणमा स्थानिय तह र प्रदेशको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले मानव अधिकारको प्रत्याभूति र जवाफदेहिता, सामाजिक न्याय र मेलमिलाप, मानव अधिकारको सचेतना र सशक्तिकरण, मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन, सुचना व्यवस्थापन, प्रवाह र जवाफदेहिता, आर्थिक व्यवस्थापन र सहकार्य, अधिकारमुखि बिकाश पद्धती, स्थानीय तहमा सेवा सेवा प्रवाह( शिक्षा, स्वास्थ्य, भौतिक निर्माण/पुर्वाधार, रोजगार) मानव अधिकार र शिक्षा, पूर्ण रुपमा नागरिकप्रति प्रतिवद्ध र जवाफदेही हुनु पर्ने भन्दै संघीयतामा अझै मानव अधिकारको संरक्षण हुनु पर्ने बताउनुभयो ।

प्रमुख अतिथि उच्च अदालत तुल्सीपुर नेपालगञ्ज इजलासका माननीय न्यायाधीश सारङ्ग सुवेदीले मानव अधिकार जीवन पद्धती, सभ्यता र संस्कारसँग जोडिएको विषय भएको बताउनुभयो । उहाँले नेपालमा विधिको शासन पालना गर्ने संस्कार बसाउन सकिएमा व्यक्तिको मानव अधिकार संरक्षण हुन सक्ने उल्लेख गर्दै न्यायको समुचित व्यवस्थापन गर्नु पर्नेमा जोड दिनुभयो । शक्तिशालीले अन्याय गर्न सक्ने भएकाले निमुखाले न्याय पाएमात्र मानव अधिकार संरक्षण हुने र सभ्यता र सस्कृति सुधार्न नागरिक जागरुक हुनु पर्नेमा जोड दिदै उहाँले स्थानीय निकायले मानव अधिकारका  राष्ट्रिय अन्तर्राष्ट्रिय दस्तावेजलाई हेरेर व्यवहारमा लागु  गरिनु पर्नेमा जोड दिनुभयो । ठूलो स्वरमा भाषण गर्दैमा मानव अधिकार संरक्षण हुन नसक्ने भन्दै सुवेदीले कानूनका व्यवस्था व्यवहारमा कार्यान्वयन हुन सके मात्रै नागरिकले मानव अधिकारको प्रत्याभूति गर्न सक्ने, सेवा प्रदायक निकायले कानून र अदालती आदेश पालना गर्नुपर्ने, नागरिकको सेवा गर्ने, कर्तव्य पालना गर्ने बेलामा पनि इमान्दारीपूर्वक पदीय  जिम्मेवारी पुरा गर्नु पर्ने बताउँदै

हरेक व्यक्तिलाई सम्मानपूर्वक बाँच्ने अधिकारको सुनिश्चित गर्नुपर्ने र त्यसलाई व्यवहारमा लागु गर्नुपर्नेमा जोड दिनुभयो।




कार्यक्रममा बोल्दै नेपालगंञ्ज उपमहानगरपालिकाका मेयर डा.धवल सम्शेर राणाले आफ्ना कमी कमजोरी सुधार गर्दै मानव अधिकारको संरक्षण र संम्बर्द्धन गर्न आफ्नो कार्यालय प्रतिवद्ध रहेको बताउनुभयो। आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको संरक्षण हुनु पर्ने भन्दै मेयर राणाले मानव अधिकारको संरक्षणका लागी सरकारी र गैर सरकारी निकायको समन्वयात्मक भूमिका हुनु पर्नेमा जोड दिनुभयो। उहाँले स्थानिय तहमा मानव अधिकारको सम्बर्द्धन र संरक्षणमा आफु प्रतिवद्ध रहेको जानकारी गराउनुभयो।

कार्यक्रममा बोल्दै संघीय प्रहरी इकाई नेपालगञ्जका प्रहरी वरिष्ठ उपरिक्षक महेश बिक्रम शाहले मानव अधिकारको उल्लघंन नहोस् भन्नेमा आजको प्रहरी संगठन सचेत रहेको भन्दै कानूनी शासनको स्थापना र व्यक्तिको मानव अधिकार संरक्षणमा नेपाल प्रहरी प्रतिवद्ध रहेको बताउनुभयो।

कार्यक्रममा बोल्दै खजुरा गाउँपालिकाकी उपप्रमुख एकमाया बिकले सबै व्यक्तिको मानव अधिकारको सम्मान र संरक्षण हुनु पर्ने भन्दै र मानव अधिकारको प्रत्याभूतिका लागी आफु प्रतिवद्ध रहेको बताउनुभयो। स्थानीय तहका जनप्रतिनिधिहरुले मानव अधिकारका बिषयवस्तुहरु प्रति सचेत बन्नुपर्ने र ऐन नियम बनाउन मानव अधिकारकर्मीहरुको सुझाव सल्लाह आवश्यक रहेको बताउँदै मानव अधिकारलाई सही ढंगले उपभोग गर्न राजनैतिक दलहरुको मुख्य भूमिका रहेको बताउनुभयो। नेपालगञ्ज उच्च बार एशोसिएसनका अध्यक्ष बल बहादुर चन्दले संघीय संरचनामा जनप्रतिनिधिहरु मानव अधिकारको बिषयमा सचेत रहनु पर्ने धारणा राख्नुभएको थियो।

इन्सेकका क्षेत्रीय संयोजक भोला महतले मानव अधिकारको बिषयवस्तु उठान गर्दा परम्परागत मात्र नभई समयसापेक्ष रुपमा अगाडी बढ्नु पर्ने बताउनुभयो। गैसस महासंघका कार्यवाहक अध्यक्ष सपना भट्टराईले मानव अधिकार लिने र दिने भन्दा पनि आत्मसात गर्ने बिषय भएको विचार व्यक्त गर्नुभयो।

कार्यक्रम सञ्चालन गर्दै फियान नेपालका क्षेत्रीय प्रमुख सुरेश कुमार गौतमले राजनैतिक अधिकार सँगै अव व्यक्तिको आर्थिक सामाजिक र सास्कृतिक अधिकार पनि मानव अधिकारको बिषय भएकाले यस्ता अधिकारको प्रत्याभूतिका लागी सबैले लाग्नु पर्ने बताउनुभएको थियो। बाँच्न पाउने अधिकारको आधार खाद्य अधिकार भएकाले सबैले यसको उपभोग गर्न पाउनु पर्नेमा जोड दिनुभयो।

"समानता न्याय र मानव मर्यादाका लागी आवाज उठाउँ" भन्ने मुल नाराका साथ मनाइएको मानव अधिकार दिवसका सहभागीहरुले स्थानिय निकायका जनप्रतिनिधिहरुलाई प्रभावकारी सेवा प्रवाह गर्दै मानव अधिकारको सम्मान, संरक्षण र कार्यान्वयन लागी भूमिका खेल्न आग्रह गरेका थिए।

नेपालगञ्ज उद्योग ब्यापार संघकी सदस्य तारा रोकायले मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा सबैले जिम्मेवार र जवाफदेही बन्नु पर्नेमा जोड दिनुभयो। मानव अधिकारको प्रत्याभूतिका लागि नागरिक पनि स्वयम जागरुक हुनु पर्ने भन्दै कार्यक्रमका सहभागीहरुले मानव अधिकार लिने र दिने विषय नभएको, यो व्यक्तिको नैसर्गिक अधिकार भएकाले सबै नागरिकले यसको उपभोग गर्न पाउनु पर्नेमा जोड दिएका थिए।




कार्यक्रमका सहभागीहरुले व्यवहारिक कार्यान्वयन हुन नसके अक्षरमा लेख्दैमा मानव अधिकारको प्रत्याभूति भएको मान्न नसकिने भएकाले नागरिकको मानव अधिकार

सुनिश्चितताका लागी राज्यका निकाय जिम्मेवार र जवाफदेही बन्नु पर्नेमा जोड दिएका थिए। उनीहरुले मानव अधिकारको स्वतन्त्र उपभोग गर्ने क्रममा नागरिकले आफ्नो दायित्व र कर्तव्यलाई भुल्न नहुने विषयमा समेत जोड दिएका थिए।

**राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय विराटनगर :** ६९ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा क्षेत्रीय कार्यालय विराटनगरद्वारा औपचारिक कार्यक्रम गरी मनाइएको छ।



कार्यक्रमका प्रमुख अतिथि तथा उच्च अदालत विराटनगरका माननीय न्यायाधीश ऋषिराम दवाडीले मानव अधिकारको विषय विस्तृत र जटील भएको बताउँदै नेपालको सन्दर्भमा वि.सं. २०१२ को नागरिक अधिकार ऐन तथा संयुक्त राष्ट्रसंघीय मानव अधिकार सम्बन्धी महासन्धीहरुको प्रभावकारी पालनामा राज्यले जोड दिनुपर्ने बताउनुभयो। कार्यक्रममा प्रदेश नं. १ का प्रहरी कार्यलयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक पशुपति उपाध्यायले नेपाल प्रहरी स्थापनाकालदेखि ऐन, नियम तथा कानूनको पालना गर्दै आएको बताउँदै मानव अधिकारको सम्मान र संरक्षण कार्यमा निरन्तर लागिरहेको बताउनुभयो।

कार्यक्रममा मोरङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्यले सार्वजनिक सेवालाई प्रभावकारी रुपमा प्रदान गर्न, समाजमा हुने हिंसालाई कम गरी मानव अधिकारको संरक्षण गर्न कटिबद्ध भएको बताउँदै यस दिनले सबैलाई राम्रो कार्य गर्न प्रेरण मिलोस भन्ने मन्तव्य राख्नुभयो।

कार्यक्रममा महिला बालबालिका कार्यालयका प्रमुख दुर्गा वराललले कमजोर तथा सिमान्कृत समुदायको मानव अधिकारमा पहुँच पुग्न नसकेको बताउँदै उनीहरुको अधिकारको संरक्षणमा आयोगले विशेष ध्यान पुऱ्याउनुपर्ने भनाइ राख्नुभयो।



कार्यक्रममा इन्सेकका पुर्वाञ्चल क्षेत्रीय कार्यालय प्रमुख सोमराज थापाले नेपाल मानव अधिकारसम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्षराष्ट्र भएको बताउँदै सोही बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व नेपाल सरकारको रहेको विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रिय कार्यालय विराटनगरका निमित्त क्षेत्रीय निर्देशक मञ्जु खतिवडाले राज्यले मानव अधिकारको पालना गर्नुपर्ने बताउँदै राष्ट्रिय मानव अधिकार आयोग स्थापनाकाल देखि नै मानव अधिकारको संरक्षण र संवर्द्धनमा निरन्तर क्रियाशील रहँदै आएको बताउनुभयो।



कार्यक्रममा सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, मानव अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, कानून व्यवसायी, नागरिक समाज, सञ्चारकर्मीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

**राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय पोखरा:** ६९ औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय पोखराद्वारा पर्वत, स्याङ्जा, तनहुँ र कास्की जिल्लाहरुमा छुट्टाछुट्टै कार्यक्रमहरु सम्पन्न भएका छन् । आयोगको नारा “सवैका लागि घरघरमा मानव अधिकार: शान्ति र विकाशको आधार” लाई मध्यनजर गर्दै विभिन्न जिल्लामा आयोगका कर्मचारीहरुको उपस्थितिमा यस वर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइएको थियो ।

यसैक्रममा आयोगको क्षेत्रीय कार्यालय पोखराले स्थानीय सरकारी निकाय, मानव अधिकारको क्षेत्रमा क्रियाशील संघसंस्था, नागरिक समाज, सञ्चारकर्मीसँगको समन्वय र सहकार्यमा पर्वतको कुश्मामा २०७४ मंसिर २४ गते प्रभातफेरी सम्पन्न गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय, विभिन्न संघसंस्था र सर्वसाधारणको सहभागितामा पर्वतको कुश्मामा अवस्थित लोकतान्त्रिक चोकबाट शुरू भएको प्रभातफेरी कुश्मा बजारस्थित मुख्य–मुख्य स्थानहरुको परिक्रमा गरी महिला तथा बालवालिका कार्यालयमा पुगेर अन्तरक्रिया कार्यक्रममा परिणत भएको थियो ।




जिल्ला समन्वय समिति, पर्वतका प्रमुख मनोहर विश्वकर्मा पौडेलको अध्यक्षता तथा फलेवास नगरपालिकाका प्रमुख पदमपाणी शर्माको विशिष्ट आतिथ्यतामा लैङ्गिक हिंसा विरुद्धका हक अधिकार तथा महिलाहरुले भोग्नुपरेको समस्या विषयक छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

अर्न्तक्रिया कार्यक्रममा गैसस महासंघ पर्वतका अध्यक्ष शिवप्रसाद शर्मा, जिल्ला समन्वय समिति पर्वतका प्रमुख मनोहर विश्वकर्मा पौडेल, फलेवास नगरपालिकाका प्रमुख पदमपाणी शर्मा, महिला तथा वालबालिका कार्यालयका प्रतिनिधि, महिला मानव अधिकार रक्षक संजालका अध्यक्ष सीता के.सी. लगायतले महिला अधिकारका विषयमा मन्तव्य राखेका थिए । राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय पोखराका मानव अधिकार अधिकृत खिमलाल सुवेदीले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको महत्व र आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनमा गर्दै आएका कार्यहरुको बारेमा प्रकाश पार्नुभएको थियो ।



**राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुर:** राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुरले ६९औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा धनुषा, सिराहा, सर्लाही, र रौतहट जिल्लामा स्थानीय संघ संस्थासँगको सवन्वय र सहकार्यमा प्रभातफेरी, दीप प्रज्वलन तथा अर्न्तक्रिया कार्यक्रमहरु सम्पन्न गरेको छ ।

**धनुषा:** यसैक्रममा राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य २० वटा संस्थाहरुको समन्वय र सहकार्यमा धनुषामा प्रभातफेरी गरीएको थियो ।




जानकी मन्दिरको प्राङगणबाट शुरु भएको प्रभातफेरी मिल्स एरिया, भानुचोक हुँदै जनक चोकमा पुगेर कोणसभा सहित अन्त्य भएको थियो । कोणसभामा विभिन्न संघसंस्थाका प्रमुखले शुभकामना मन्तव्य राखेका थिए । त्यसैगरी बेलुका ५.३० बजे जनकचोकमा विभिन्न संघसंस्थाको सहभागितामा दीप प्रज्वलन गरिएको थियो ।

**रौतहट:** ६९ औ अन्तर्राट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुरका मानव अधिकार अधिकृत इन्द्रजीत सहनी, थर्ड एलायन्स र नेपाल वार एसोसिएसनको सवन्वय र सहकार्यमा "मानव अधिकारको अवस्था" विषयक आन्तरक्रिया कार्यक्रमसम्पन्न भएको थियो ।




कार्यक्रममा सरकारी निकाय, संघ संस्था, नागरिक समाज लगायतको सहभागिता रहेको थियो ।

**सिराहा:** मानव अधिकार आयोग क्षेत्रीय कार्यालय ,जनकपुरका मानव अधिकार अधिकृत दीप कुमार यादवको नेतृत्वमा सिराहाका मानव अधिकार संरक्षण केन्द्र संञ्जालसंगको सहकार्यमा लहान स्थित रोनियार सेवा समितिमा विहान ११ बजे देखि रक्तदानको कार्यक्रम गरिएको थियो । मानव अधिकार संरक्षण केन्द्रले हरेक बर्ष मानव अधिकारको क्षेत्रमा उत्कृष्ट कार्य गर्नेलाई सम्मान तथा मानव अधिकारको अवस्था वारे अन्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा लहान नगरपालिकाका मेयर, उपमेयर, सुरक्षा निकायका प्रमुख प्रतिनिधि, गैससका प्रतिनिधि, नागरिक समाजको सहभागीता रहेको थियो । सो कार्यक्रमा सिरहा जिल्लामा मानव अधिकारको अवस्था निकै दयनिय रहेकोमा आयोगको ध्यानाकर्षण गराइनुका साथै छलफल भएको थियो ।

**सर्लाही:** मानव अधिकार आयोग क्षेत्रीय कार्यालय ,जनकपुरका मानव अधिकार अधिकृत रेखा दत्तको संयोजनमा सर्लाही साहित्य समाज र ढुकढुक एफ.एमसँग समन्वय र सहकार्य गरी विहान ८ बजेदेखि प्रभातफेरी गरिएको थियो । प्रभातफेरीमा सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि , विद्यार्थीहरुको उल्लेख्य सहभागीता रहेको थियो । सोही दिन आयोगको तर्फबाट ढुकढुकी एफ.एममा मानव अधिकार शिक्षाको सम्बन्धमा प्रत्यक्ष प्रशारणको कार्यक्रममा सहभागी भई मानव अधिकारको बारेमा जानकारी दिइएको थियो ।

## राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय धनगढी:

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीले ६९औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा यस क्षेत्रीय कार्यालय अन्तर्गतका अछाम, डडेल्धुरा तथा कैलाली जिल्लाहमा समानता, न्याय तथा मर्यादाका लागि सबै जागौं (Let us Stand up for Equality, Justice and Dignity) भन्ने मुल नाराका साथ विविध कार्यक्रमको आयोजना गरी मनाएको थियो । अन्तरक्रिया कार्यक्रमको उद्देश्यमा मानव अधिकारको अवस्थाको बारेमा छलफल गर्नका साथै मानव अधिकार संरक्षण, सम्वर्द्धन र परिपालनाका सम्वन्धमा सम्वन्धित सरोकारवालाहरुको प्रतिवद्धता हासिल गर्ने रहेको थियो । अछाममा आयोजित अन्तरक्रियामा मानव अधिकार अधिकृत पवन कुमार भट्ट तथा डडेल्धुरामा आयोजित अन्तरक्रियामा मानव अधिकार अधिकृत झंकर रावलले मानव अधिकार संरक्षण, सम्वर्द्धन तथा परिपालनाका लागि राष्ट्रिय मानव अधिकार आयोगले गरिरहेका गतिविधिहरुका सम्वन्धमा प्रकाश पार्नु भएको थियो ।




अन्तर्राष्ट्रिय मानव अधिकार दिवसकै अवसरमा २०७४ मंसिर २४ गते आयोगको क्षेत्रीय कार्यालय धनगढी, महिला तथा बालबालिका कार्यालय, कैलाली र जिल्ला स्थित मुल आयोजक समितिको संयुक्त आयोजनामा अन्तरक्रिया कार्यक्रमको सम्पन्न भएको थियो ।

आयोगको क्षेत्रीय कार्यालय धनगढीका निमित्त क्षेत्रीय निर्देशक दीपक जंगध्वज कार्कीको अध्यक्षतामा सम्पन्न भएको अन्तरसंवाद कार्यक्रममा मानव अधिकारकर्मी, नागरिक समाज, सामाजिक अभियन्ता, कानून व्यवसायी, पत्रकार, बुद्धिजिवी, गैर सरकारी संघसस्था प्रतिनिधिहरु लगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।



उक्त अन्तरसंवाद कार्यक्रमको अन्त्यमा मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा परिपालनाको उपभोगको वातावरण निर्माणका लागि सबै सरोकारवालाहरुको सक्रिय, अर्थपूर्ण सहभागिताका साथै जवाफदेहिता समेत आवश्यक रहेको कुरालाई जोड दिदै निम्नलिखित बुदाँहरुमा बहस परैवी, समन्वय तथा सहकार्य गर्न सामूहिक प्रतिवद्धता जाहेर गर्नका साथै सबैतहका निर्वाचित जनप्रतिनिधिहरु, सार्वजनिक सेवा प्रदायक एवं सम्वन्धित सरोकारवालाहरुलाई अपिल समेत गरिएको थियो । कार्यक्रममा मानव अधिकार अधिकृत उमा जोशी तथा लक्ष्मी पौडेलको समेत उपस्थिति रहेको थियो ।

## सामूहिक प्रतिवद्धता एवं अपिल

सबैको अन्तनिहित प्रतिष्ठा, सम्मान र अविच्छिन्न अधिकारको मान्यता नै शान्ति, स्वतन्त्रता तथा न्यायको आधार भएको कुरालाई मनन गर्दै, मानव अधिकार संस्कृति निर्माण गर्ने बृहत अभियान, कसैको एक्लो प्रयासले मात्र संभव नहुने र यसका लागि सबै सरोकारवालाहरुको सक्रिय, अर्थपूर्ण सहभागिताका साथै जवाफदेहिता समेत आवश्यक रहेको कुरालाई जोड दिदै,

नेपालको संविधान, (२०७२) को कार्यान्वयनका सिलसिलामा संघ, प्रदेश तथा स्थानीय तहका सबै निर्वाचन समेत सफलतापूर्कक सम्पन्न भएको यस ऐतिहासिक अवसरमा मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा परिपालनाको वातावरण निर्माण हुने कुरालाई मनन गर्दे,

१ संविधानद्वारा प्रदत्त गरिएका मौलिक हक अधिकार हरुको प्रचलनको लागि कानून तर्जुमा गर्दा मानव अधिकारका मूल्य मान्यता, सिद्धान्त एंव मापदण्ड अनुरुप बनाइनुपर्ने ।

२ दण्डहीनताको अन्त्य तथा बिधिको शासनका स्थापनाका लागि द्वन्द्रकालीन मानव अधिकार उल्लंघनका घटनाहरुको सत्यतथ्य पत्ता लागाउन सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपता पारिएका व्यक्ति छानविन आयोगलाई जवाफदेही बनाई अन्तर्राष्ट्रिय मान्यता अनुरुप गम्भीर मानव अधिकार उल्लघंनका घटनाका दोषी उपर कारवाही र पीडितलाई संक्रमणकालीन न्याय प्रदान गरिनुपर्ने ।

३ लिङ्गको आधार हुने सबै प्रकारका भेदभाव तथा हिंसा अन्त्यका लागि कानूनको प्रभावकारी कार्यान्वयका साथै महिलाको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सुनिश्चितता, निशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, अत्पकालीन सेवाका साथै सबै खाले अग्रगामी तथा निरोधात्मक उपायहरुमा विशेष जोड दिइनुपर्ने ।

४ दिगो आर्थिक विकासका लक्ष्यलाई समेटी मानव अधिकार राष्ट्रिय कार्ययोजना लगायतका विषयगत कार्ययोजनाहरुलाई परिमार्जन गरी संघ, प्रदेश तथा स्थानीय तहमा लागु गर्न आवश्यक सयन्त्र सहित वजेट व्यबस्था गरिनुपर्ने ।

५ सबै अधिकार सवैका लागि भन्ने सिद्धान्तलाई आत्मसात गरी शिक्षा, स्वास्थ्य, आवास, उपभोक्ताको अधिकार, रोजगारी, खाद्य अधिकार जस्ता आम सरकोकारका सवालहरुको ग्यारेन्टीका साथै मुक्त हलिया र कमैया कम्लहरी, बाढी पहिरो पीडित, सुकुम्वासी, आरक्ष पीडित, भूमिहीनका अधिकारहरुमा समेत विशेष जोड दिइनुपर्ने ।

६ विकासमा अधिकारमुखी पद्धतिलाई जोड दिदै बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, अशक्त व्यक्तिको समान पहुँचयुक्त हुने गरी सार्वजनिक संरचनामा निर्माण गरिनुपर्ने साथै उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा आधिकार र सहभागिताको समेत सुनिश्चितता हुनुपर्ने ।



७ सार्वजनिक निकायहरुबाट दिइने सेवाको जवाफदेहिता अभिवृद्धि गर्न स्थानिय तहका निकायहरुमा मानव अधिकार सर्म्पक विन्दुको स्थापना गरिनुपर्ने र प्रत्येक तह तप्काबाट आफ्नो अधिकारको उपभोग गर्दा अर्काको अधिकारको सम्मान र कर्तव्यको पालनाको विषयमा जिम्मेवार हुनुपर्ने ।

८ प्राकृतिक विपत्ति शीतलहर, बाढी पहिरो, भुकम्प लगायत यातायात तथा राजमार्गसँग सम्वन्धित घटनाबाट घाइते भएका व्यक्तिहरुको तत्कालै उद्धार, उपचार र राहत तथा पुर्ननिर्माण लगायतका सवालहरुको उचित सम्बोधन हुने गरी आवश्यक व्यवस्थापन गरिनुपर्ने ।

९ सुशासन, सूचनाको हक, जलवायु परिवर्तन, विश्वव्यापी उष्णता, भोकमरीबाट मुक्त हुन पाउने, मानसिक स्वास्थ्यको अधिकार, तेश्रो लिगिंका अधिकार, एच.आई भी लगायतका नविननतम मानव अधिकारका सवालहरुलाई समेत उत्तिकै महत्व दिई सम्वोधन गरिनुपर्ने ।

१० ठूलो जनशक्ति रोजागरीका लागि आप्रवासनमा जाने प्रवृतिलाई निरुत्साही गर्न मुलुक भित्रै रोजगारीका अबसरको सृजना गर्न प्राविधिक शिक्षा, शीप तथा तालिममा जोड दिने तथा सुरक्षित आप्रवासनका लागि स्थानिय तहहरुमा तथ्यांक अद्यावधिक गरि नुपर्ने साथै शीप तालिम, बिमा, सूचना, अपातमा परेका व्यक्तिको उद्धार, पुनर्स्थापना लगायतका अन्य उपायहरुको अवलम्वनमा विषेश जोड दिईनुपर्ने ।

११ मानव अधिकार रक्षक तथा पत्रकारको सूचनामा पहुँचका साथै अभिव्यक्तिको स्वतन्त्रता र सुरक्षाको ग्यारेण्टी गरिनुपर्ने ।

### राष्ट्रिय मानव अधिकार आयोग, उपक्षेत्रीय कार्यालय खोटाङ:

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय खोटाङले ६९औं मानव अधिकार दिवसको अवसरमा मानव अधिकार सचेतनाका लागि विद्यालस्तरको वक्तृत्वकला प्रतियोगिता, सन्देश मुलक मन्तव्य, अपाङ्गता भएका व्यक्तिहरुबाट मानव अधिकार गित प्रस्तुति, मानव अधिकार रक्षकको अवस्था र भूमिका सम्बन्धी अन्तरसंवाद तथा खोटाङ

जिल्लामा मानव अधिकार तथा लैङ्गिक हिंसाको अवस्था र सरोकारवालाको दायित्व विषयक वृहत अन्तरक्रिया कार्यक्रम, अपाङता र मानव अधिकार रक्षक दिवस समेत मनाउने जस्ता विविध गतिविधी सम्पन्न गरेको छ ।



आयोगको संयोजनमा आयोजित उक्त कार्यक्रममा, सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, गैसस, सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो



**राष्ट्रिय मानव अधिकार आयोग, उपक्षेत्रीय कार्यालय बुटवल:**

राष्ट्रिय मानव अधिकार आयोग, उपक्षेत्रीय कार्यालय बुटवलले अन्तराष्ट्रिय मानव अधिकार दिवसकै अवसरमा ऱ्याली, अन्तर्रक्रिया कार्यक्रम, प्रतिवद्धता हस्ताक्षर संकलन, फोटो प्रदर्शनी, दिप प्रज्वलन लगायतका कार्यक्रमहरु सम्पन्न गरेको छ ।

दुर्गा मन्दिरबाट निकालिएको ऱ्यालीमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका मयेर मनमोहन सिंह चौधरी, लुम्बिनी विकाश कोषका उपाध्यक्ष नेतैया, मानव अधिकारकर्मीहरु, महिला मानव अधिकारकर्मीहरु, नागरिक समाजका अगुवाहरु, मुस्लिम जातिका व्यक्तित्वहरु, बौद्ध भिक्षुहरु, हिन्दुजातिका व्यक्तिहरु, विद्यार्थी, नेपाल प्रहरी लगायत करीब २०० जनाको सहभागिता रहेको थियो ।




ऱ्याली पश्चात् अन्तरक्रिया कार्याक्रममा परिणत भई मानव अधिकारको अवस्चाका समसामयीक विषयमा छलफल भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी सांस्कृतिक नगरपालिकाका मेयर मनमोहनसिंह चौधरीले मानव अधिकार दिवस लुम्बिनीमा मनाउने कार्यले मानव अधिकारको प्रबर्द्धनमा सकारात्मक प्रभाव पारेको बताउँदै मानव अधिकार र शान्ति वीच सम्बन्ध रहेको छ ।



बुद्ध पनि मानव अधिकार रक्षक रहेको कुराको अनुभूति कसैले गर्न नपाएको अवस्थामा यस कार्यक्रमले सो को सन्देश

प्रवाह गर्न सफल भएको भनाई राख्नुभएको थियो । साथै उहाँले यस नगरपालिकामा मानव अधिकारमैत्री वनाउने प्रतिवद्धता समेत जनाउनुभएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग, उपक्षेत्रीय कार्यालय बुटवलका प्रमुख बुद्धनारायण सहनीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिकाका मेयर मनमोहनसिंह चौधरी, लुम्बिनी विकाष कोषका उपाध्यक्ष नेतैया, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता महेन्द्र पाण्डे, मानव अधिकार शान्ति समाजका केन्द्रिय उपाध्यक्ष गोविन्द खनाल, नेपाल पत्रकार महासंघ, रुपन्देही शाखाका उपाध्यक्ष निरु गौतम, माहुरी होमका रामदयाल ठाकुर लगायतले मन्तव्य राख्नुभएको थियो । मानव अधिकार अधिकृत चन्द्रकान्त चापागाईले अतिथिहरुलाई स्वागत गर्नुभएको थियो भने थर्ड एलायन्सका संयोजक शैलेन्द्र अम्बेडकरले उद्धेश्यमाथि प्रकाश पार्नु भएको थियो ।




## राष्ट्रिय मानव अधिकार आयोग, उपक्षेत्रीय कार्यालय जुम्ला:

अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोग, उपक्षेत्रीय कार्यालय जुम्ला र महिला तथा बालबालिका कार्यालयको समन्वयमा र्‍याली, अर्न्तक्रिया लगायतका विभिन्न कार्यक्रमहरु गरी मनाइएको छ । जुम्ला जिल्लास्थित ७ वटै गाउपालिकामा लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानलाई तिब्रता दिदै लैङ्गक हिंसा न्यूनिकरण गर्नका लागि मानव अधिकार आयोग, सरकारी निकाय तथा गैर सरकारी निकायहरुको समन्वय र सहकार्यमा बिभिन्न जनचेतना मूलक कार्यक्रम गरिएको थियो ।



अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानको समापन कार्यक्रमको अवसरमा र्‍याली निकालिएको थियो । र्‍यालीमा जिल्ला समन्वय समितिका उप प्रमुख कार्मा बुढा, प्रमुख जिल्ला अधिकारी बिष्णु पौड्याल,प्रहरी नायब उपरिक्षक डा. तपन कुमार दाहाल, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख अंगत बहादुर शाही, निमित्त जिल्ला शिक्षा अधिकारी महेश देबकोटा, नागरिक समाज, मानव अधिकारकर्मीहरु, पत्रकारहरु, बिभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु, महिला तथा बालबालिका कार्यालयका कर्मचारीहरु, महिला समूह, आमा समूह,बाल कल्ब, उप क्षेत्रीय कार्यालयका कर्मचारी लगायतको सहभागीता रहेको थियो ।




र्‍याली पश्चात् उद्योग वाणिज्य संघको सभाहलमा आयोजित अर्न्तक्रिया कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार

आयोग जुम्लाका प्रमुख रमेश कुमार थापाले गर्नु भएको थियो। सरकारी निकायका प्रमुख, गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, मानव अधिकारकर्मी लगायतले मन्तव्य राखेका थिए।

कार्यक्रमका प्रमुख अतिथि कार्मा बुढाले मानव अधिकार र लैङ्गिक हिंसाका सवालमा जुम्लाका सरोकारवाला निकाय गैर जिम्मेवार देखिएको बताउनुभयो। मानव अधिकारको सुनिश्चितताका लागी एक जना व्यक्ति वा संस्थाले गरेर मात्र संम्भब नरहेको साथै मानव अधिकारको संरक्षणका लागी आफ्नो तर्फबाट र जिल्ला समन्वय समितिको तर्फबाट जस्तो सुकै सहयोग गर्न तयार रहेको बताउनु भएको थियो ।

कार्यक्रमका बिशेष अथिति प्रमुख जिल्ला अधिकारी बिष्णु पौड्याललले मानव अधिकार प्रत्याभूत दिलाउन सरकार प्रयासरत रहेको साथै हिंसा न्यूनिकरणका लागी बनेका निति नियम अस्थिर राजनितिका कारण कार्यान्वयनमा बाधा भएको भन्दै अब बन्ने सरकारले त्यसको पूर्ण ग्यारेण्टी गर्ने बताउनु भएको थयो।

महिला तथा बालबालिका कार्यालयका प्रमुख गोमा प्रसाईले जुम्ला सहित कर्णलीमा अहिले मानव अधिकारको अवस्था खस्किदो अवस्थामा रहेको बताउनु भयो।




लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानका क्रममा राष्ट्रिय मानव अधिकार आयोग ,उपक्षेत्रीय कार्यालय जुम्ला, महिला तथा बालबालिका कार्यालय लगायत बिभिन्न गैर सरकारी कार्यालयबाट मानव अधिकारको अबस्था तथा लैङ्गिक हिंसा बिरुद्धको अभियान सम्बन्धि कार्यक्रम गरिएपनि आनीबानीमा परिबर्तन नभए हिंसा न्यूनिकरण सम्भब नरहेको बताउनु भयो।

महिला अधिकारकर्मी भगवती श्रेष्ठले महिला अधिकारका नारा लगाइए पनि जुम्लाका कुनै भेगका महिला हिंसा देखि बिमुख नरहेको धारण राख्नु भएको थियो। मानव अधिकारको अबस्था सोचे अनुसार सुधार हुन नसकेको र महिलाले दिनानु दिन हिंसा पिडित हुनु परेको, लैङ्गिक भेदभाव यथावत रहेको, घरायसी कार्यमा नै महिलाले जिवन बिताउनु परेको अवस्था रहेको बताउनु भयो।

मानव अधिकार अधिकृत धनराज शाहीले बिभिन्न कार्यक्रमबाट मानव अधिकारको संरक्षण तथा सम्बद्धन गर्नका लागि आयोगको उप क्षेत्रीय कार्यालयले अधिकतम प्रयास गरेतापनि सरकारी निकायबाटै यसको उल्लंघन भैरहेको, सचेतनामूलक कार्यक्रमको प्रभावकारी कार्यान्वयन नभएको तथा सरकारी निकायको साथ पाउन नसकेको बताउनु भयो। कार्यक्रमका प्रमुख अथिति जिल्ला समन्वय समितिका उपप्रमुख कार्मा बुढा, प्रमुख जिल्ला अधिकारी, नेपाल सेनाका प्रमुख सेनानी तथा प्रहरी नायब उपरिक्षक मार्फत सरकारी कार्यालयबाट मानव अधिकारको संरक्षणमा गरेको उपेक्षा प्रति प्रश्न गर्नु भएको र अबका दिनमा उपेक्षा नगर्न अथिति हरु मार्फत अनुरोध गर्नुभएको थियो।

कार्यक्रममा नेपाली सेनाका प्रमुख सेनानी सुनिल कुमार थापा, प्रहरी नायब उपरिक्षक डा. तपन कुमार दाहाल, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख अंगत बहादुर शाही,निमित्त जिल्ला शिक्षा अधिकारी महेश देबकोटा, पत्रकार महासंका केन्द्रीय सदस्य पुर्ण प्रसाद चौलागाई, मानव अधिकार एलाईन्सका केन्द्रिय सदस्य मान बहादुर रोकाया लगायतको उपस्थिति रहेको थियो।

### मानव अधिकार राष्ट्रिय महाभेला, २०१७ का कार्यक्रमहरु

**पृष्ठभूमीः** मानव अधिकार विश्वव्यापी घोषणा पत्र, १९४८ जारी भएपश्चात् ६१ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा, सन् २००९ (वि.सं. २०६६ साल) देखि राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजको प्रयासले नेपालमा मानव अधिकार राष्ट्रिय महाभेला (National Magna Meet on Human Rights) को सुरुवात भएको हो । यसरी सुरुवात भएको मानव अधिकार महाभेलाले

“नेपालमा मानव अधिकार सबैलाई” भन्ने अवधारणालाई अभियानको रुपमा सञ्चालन गरी व्यवहारमा उतार्नको लागि महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सिमान्तकृत समुदाय लगायतका समुदायहरुको हक हित स्थापित गर्नका लागि महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । यस वर्ष ६९ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस-२०१७ को उपलक्ष्यमा ९ औं मानव अधिकार राष्ट्रिय महाभेला-२०७४ महिला हक अधिकारका क्षेत्रमा काम गर्दै आएको संस्था संकल्प- शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी महिला संजालको संयोजकत्व र युवाको क्षेत्रमा कामगर्ने संस्था युथ एडभोकेसी नेपालालको सह-संयोजकत्वमा २०७४ मङ्सिर २३ गते देखि २५ गते तद्अनुसार सन् २०१७ डिसेम्बर ९ देखि ११ तारिखसम्म काठमाण्डौमा मूल समारोह सहति विविध कार्यक्रमको आयोजना गरिएको थियो भने यसको तयारी देखि सम्पन्न हुँदाको अवस्था सम्म राष्ट्रिय मानव अधिकार आयोगको सक्रियतापूर्वक सहभागिता रहेको थियो ।

### पहिलो दिन: डिसेम्बर ९, २०१७ उद्घाटन समारोह:

६९औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस र “विकास र सम्वृद्धिको आधार : महिला र युवाको समान अधिकार” भन्ने मूल नाराका साथ आयोजित नवौं मानवअधिकार राष्ट्रिय महाभेला, २०७४ संकल्प को संयोजनमा सम्पन्न भएको थियो । विभिन्न क्षेत्रका २०० भन्दा बढी संघ संस्थाहरुको सहभागितामा महाभेला सम्पन्न भएको थियो ।




डिसेम्बर ९, २०१७ मा नेपाल साँस्कृतिक केन्द्र डिल्लीबजारमा सम्पन्न कार्यक्रमको उद्घाटन सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीले गर्नुभएको कार्यक्रममा आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले विशेष अतिथिको रुपमा मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रममा मानव अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, नागरिक समाज, पत्रकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

**दोश्रो दिन: डिसेम्बर १०, २०१७ प्रभातफेरी कार्यक्रम:**



राष्ट्रिय मानव अधिकार आयोग तथा गैसस महासंघको संयोजनमा प्रभातफेरी कार्यक्रम सम्पन्न भएको थियो । प्रभातफेरी कार्यक्रममा अपाङ्गता, दलित, अदिवासी, जनजाति, महिला, बालबालिका अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्थाका करिब तीनसय प्रतिनिधिहरु ब्यानर सहित उपस्थित भएका थिए । काठमाण्डौंको भद्रकालीबाट शुरु भएको प्रभातफेरी रत्नपार्कको शान्ति वाटिकामा पुगेर शुभकामना मन्तव्य सहित सम्पन्न भएको थियो । शुभकामना मन्तव्य राख्दै राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूपराज शर्माले मानव अधिकार देखीने, सुनीने र महसुस गरिने खालको हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा गैसस महासंघका अध्यक्ष गोपाल लम्साल, आयोगका पूर्व सदस्य प्रा. कपिल श्रेष्ठ, मानव अधिकार राष्ट्रिय महाभेलाका संयोजक लीली थापा, अपाङ्गता गैसस महासंघका अध्यक्ष सुदर्शन सुवेदी लगायतले मन्तव्य राख्नुभएको थियो ।






### तेश्रो दिन: डिसेम्बर ११, २०१७ मानव अधिकार महाभेलाको समापन समारोह:

नवौं मानव अधिकार राष्ट्रिय महाभेलाको समापन समारोह सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुनको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा आयोगका माननीय सदस्य मोहना अन्सारी, सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, मानव अधिकारको अभियानमा क्रियाशील संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, वरिष्ठ मानव अधिकारकर्मीहरू, नागरिक समाजका अगुवा लगायतले समापन मन्तव्य राख्नुभएको थियो ।

### निष्कर्ष:

विश्वव्यापी रुपमा मनाइएको ६९औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस, डिसेम्बर १० नेपालमा पनि भव्यताका साथ मनाइएको छ । राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजको सहकार्यमा सम्पन्न यी कार्यक्रमहरुमा सम्माननीय राष्ट्रपति, सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानमन्त्री लगायतले मानव अधिकारको संरक्षण र संवर्द्धनमा सदैव प्राथमिकताका साथ कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

त्यसैगरी आयोगको “सबैको लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार” भन्ने नारालाई सार्थक बनाउँदै मानव अधिकार संस्कृतिको विकासको लागि यस प्रकारका प्रवर्द्धनात्मक कार्यक्रमबाट थप मद्दत मिल्न गएको छ। आयोगले आफ्नो स्थापनाकाल देखि नै नागरिक समाज र गैसससँग सहकार्य गर्दै आएकोमा सरोकारवालाले प्रशंसा गरेका थिए । देशव्यापी रुपमा राष्ट्रिय मानव अधिकार अयोगबाट सञ्चालन भएका यस प्रकारका प्रवर्द्धनात्मक गतिविधीबाट मानव अधिकार सचेतना विस्तारमा मद्दत पुग्न गएको छ । मानव अधिकारको क्षेत्रमा विगतमा भएका प्रयासबारे छलफल गरी आगामी दिनमा गर्नपर्ने सुधारका क्षेत्रमा यसप्रकारका कार्यक्रमबाट थप उर्जा मिल्न गएको छ । अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा भएका यस प्रकारका कार्यक्रमबाट मानव अधिकारको क्षेत्रमा विगतमा भएका कार्यको समीक्षा हुने भावी कार्यदिशा तय गर्नमा थप मद्धत पुग्न गएको छ ।

## राष्ट्रिय मानव अधिकार आयोगको

### सचेतनामूलक रेडियो कार्यक्रम "सिमान्तकृत आवाज"

**Radio City FM, Kathmandu - 98.8 MHz (Every Tuesday, 6:00 - 6:30 PM)**

**Saptakoshi FM, Itahari - 90.0 MHz (Every Tuesday, 7:30 - 8:00 PM)**

**Dinesh FM, Dhangadi - 93.8 MHz (Every Tuesday, 5:30 - 6:00 PM)**

**Radio Jalpa, Nuwakot - 104.5 MHz (Every Tuesday, 6:30 - 7:00 PM)**

**Mithilanchal FM, Janakpur - 105.0 MHz (Every Tuesday, 6:30 - 7:00 PM)**

**Radio Program Download Link:** http://www.nhrcnepal.org/nhrc_radio.html

### "सबैको लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार"

महिला माथि हुने हिंसा तथा सबै प्रकारकाविभेदको खुलेर विरोध गरौं । महिला अधिकार हनन् भएमा नजिकको प्रहरी कार्यालय, स्थानीय निकाय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग तथा अदालतमा उजूरी गरौं ।

**राष्ट्रिय मानव अधिकार आयोग**

### "सबैको लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार"

राष्ट्रिय मानवअधिकार आयोगले मानव अधिकारका बारेमा सचेतना अभियान संचालन गरिरहेको छ । तपाईका घर, गाउँ र क्षेत्रमा भएका मानवअधिकार हनन्को सम्बन्धमा उजुरी तथा जानकारी दिई मानवअधिकार संरक्षण र सम्बर्द्धनको अभियानमा सहभागी बनौ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

## ६९ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको मन्तब्य

सम्माननीय प्रधानमन्त्रीज्यू तथा आमन्त्रित विशिष्ट अतिथिज्यूहरु ।

६९ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा उपस्थित हुनुभई मानव अधिकारप्रति ऐक्यबद्धता जनाई उपस्थित भइदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू सहित सम्पूर्ण अतिथि महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

संयुक्त राष्ट्र संघद्वारा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ जारी गरेको आज ६९ बर्ष पुरा भएको छ। स्वतन्त्रता, समानता, मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने मानिसका नैसर्गिक अधिकारहरूको उपयोग गर्न कसैले बन्देज गर्न सक्दैन भन्ने कुरालाई आजको यस पुनित दिनमा विश्वले स्मरण गर्दै आएको छ। आजको यस दिनले हामी सवैमा मानव अधिकार संस्कृतिको मन, वचन र कर्मले परिपालना र सम्मान गर्ने प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीयज्यू,

मानव अधिकार, लोकतन्त्र, विधिको शासन एक अर्काका परिपूरक हुन् । नेपालको संविधान, २०७२ ले पनि यसलाई पूर्ण रूपमा आत्मसात गरेको छ । लोकतान्त्रिक मूल्य मान्यता र विधिको शासनबाट मात्र मानव अधिकारको सूचकांक माथि उठ्ने गर्दछ । लोकतन्त्र नै हाम्रो आदर्श हो । लोक कल्याणकारी राज्य नै हाम्रो लक्ष्य हो । बहुदलीय प्रतिस्पर्धात्मक राजनैतिक व्यवस्था हामीले अंगीकार गरेका छौं. । संभवतः विश्वमै संचार जगतको स्वतन्त्रताको दरिलो प्रावधान रहेको संविधान हामीकहाँ छ । यति हुँदा हुँदै पनि गाँस, बास र कपासको प्रत्याभूति गर्ने संवैधानिक व्यवस्थालाई अझै कानूनी स्वरुपमा ल्याउन सकिएको छैन । पत्रकारहरुलाई बिना आधार आस्थाका बहानामा थुनामा राखिने गरिएको छ । कानून र व्यवस्था खस्किए पछि जीउ, धन लुटिनु र मारिनुमा मध्यरात वा साँझ पर्नु पर्दैन । राजधानी तथा सदरमुकामहरु जस्तो व्यस्त ठाउँमा जीउ धन लुटिएको छ । प्रहरी सबैभन्दा बढी आलोचना खेप्नु पर्ने निकायको रुपमा हेरिन थालिएको छ । ठगहरुको जुलुस सडकमा आउँछ । आपराधिकता, धन ठगी र महँगीबाट पिल्सिएकाहरुलाई राहतको मलहम कतैबाट लगाइँदैन ।

मुलुकमा मानव अधिकार अवस्था माथि उठाउनको लागि दिगो विकास, प्रभावकारी र अर्थपूर्ण जनसहभागिता, समन्याय, शान्तिसुरक्षा, दण्डहीनताको अन्त्य, सुशासन, राजनितिक स्थिरता साथै जनउत्तरदायी सरकार अनिवार्य आवश्यकता हुन् । नागरिकले आफ्नो मानव अधिकारलाई पूर्ण रुपमा अभ्यास गर्नको लागि संरचनागत व्यवस्था, संस्थागत व्यवस्थाका अतिरिक्त आम समुदाय, राजनितिक दल, आम नागरिक समेत आ-आफ्नो क्षेत्रबाट प्रतिबद्ध, सचेत र सजग हुन जरुरी छ । तापनि मानव अधिकारको संरक्षण, सम्बर्द्धन र सम्मानमा सरकारको भूमिका सर्वोपरि नै रहने कुरालाई सदैव मनन् गर्नुपर्ने हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगले यस आर्थिक बर्षमा मानव अधिकार उल्लंघनका २२० उजूरीमा अनुसन्धान सम्पन्न गरी नेपाल सरकारलाई सिफारिस गरेको छ । आयोगले मानव अधिकार संरक्षण र सम्बर्द्धनमा नेपाल सरकार, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसकारी तथा अन्य संघ संस्थाहरुसँग समेत समन्वय र सहकार्य गर्दै दैनिक कार्यहरु ६ बर्षे रणनितिक योजना अनुरुप सम्पादन गरिरहेको छ ।

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको परिकल्पना गरेको हामीलाई अवगत नै छ । यसले नागरिक तथा राजनितिक अधिकार साथै आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारका विषयहरुलाई समेत मौलिक हकका रुपमा व्यापकता प्रदान गरेको छ । यसको कार्यान्वयका लागि सम्पूर्ण संयन्त्रहरु क्रियाशील रहे तापनि अनेक चुनौतीहरु हाम्रा सामु विद्यमान छन् । आवधिक निर्वाचन, कानूनी शासन मानव अधिकारको आधार स्तम्भ हो । नागरिक तथा राजनीतिक अधिकारको उपयोग र उपभोग तथा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सहज उपभोगको ढोका खोल्ने प्रमुख माध्यम समेत हो । देशमा करिब २० वर्षपछि स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । हालै मात्र प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भएको छ । आयोगले यी सबै तहको निर्वाचनको नजिकबाट अनुगमन गरेको छ र स्थानीय निर्वाचन अनुगमन प्रतिवेदन, २०७४ समेत प्रकाशनमा ल्याएको छ । यही निर्वाचनहरुबाट संविधानको कार्यान्वयनको सुनिश्चितता हुने छ भन्ने मलाई विश्वास छ ।

दश बर्षे सशस्त्र द्वन्द्वबाट देश शान्तितर्फ अवतरण गरेको तथा विस्तृत शान्ति सम्झौता भएको ११ बर्ष व्यतित भइसकेको छ । द्वन्द्वकालीन घटनालाई सम्बोधन गर्ने संयन्त्रहरु निर्माण भई कार्य गरिरहँदा समेत विभिन्न बाधा अड्चनका कारण कार्य सम्पादनमा देखिएको ढिलासुस्तीले पीडितले न्यायको अनुभूति गर्न नसक्नु दुखद पक्ष रहेको छ । देशमा विनासकारी भुकम्प गएको साडे दुई बर्ष पुरा भइसक्दा समेत भुकम्प प्रभावितहरुका आधारभूत मानव अधिकारका विषयको अझै सम्बोधन हुन सकेको छैन । त्यसै गरी क्षति भएका सरकारी कार्यालयका भवनहरु तथा कारागारहरूको पुनर्निर्माण हुन सकिरहेको छैन । राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय समेत क्षतिग्रस्त भई अझै सम्म पुननिर्माणको थालनी समेत हुन सकेको छैन ।

नेपाल सरकारले केही संवैधानिक आयोगका काम कर्तव्य र अधिकार सम्वन्धी, निर्वाचन र संघीयतासँग सम्वन्धित

केही कानून निर्माण गरी कार्यान्वयनमा ल्याइरहेको भएपनि नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय मानव अधिकार सम्वन्धी महासन्धि तथा सन्धिहरुको पूर्ण कार्यान्वयन गर्ने गरी अझै पनि कानून निर्माण हुन बाँकी नै रहेको अवस्था छ । तर्जुमा भइसेकेका केही कानूनहरु व्यवस्थापिका-संसद्मा विचाराधीन अवस्थामा मै रहेकोमा व्यवस्थापिका संसदको अवधि समाप्त भई ती कानूनहरु अलपत्र भएका छन् । सरकारबाट समयमा नै मानव अधिकार सन्धि समितिमा बुझाउनुपर्ने कतिपय आवधिक प्रतिवेदनहरु समेत पेश हुन सकिरहेको छैन । हाम्रा सामु अब संविधानको पूर्ण कार्यान्वयन, द्वन्द्वकालमा भएका मानव अधिकार उल्लंघनका घटनाहरुको न्यायोचित व्यवस्थापन गर्दै मानव अधिकारको संरक्षण, सम्बर्द्धन र सम्मान गर्नं चुनौतीको रुपमा रहेको छ । आयोगको बार्षिक प्रतिवेदन पहिलो पटक संसदीय समितिमा छलफल हुने परिपाटी शुरु भएको छ ।

कानूनी राज्य, सुशासन र दण्डहीनताको अन्त्यको स्थिति मानव अधिकार र लोकतन्त्रको पर्याय भएको हुँदा राज्यका प्रत्येक अंग यसको लागि प्रभावकारी रूपमा क्रियाशील हुन जरुरी छ । लैङ्गिक असमानता, लैङ्गिक तथा अल्पसंख्यक माथि हुने हिंसा तथा दुर्व्यवहार, यातना विरुद्ध, मानव बेचविखन, बाल विवाह विरुद्ध, जेष्ठ नागरिकमाथि हुने दुर्व्यवहार, जातीय भेदभावविरुद्धका घटनाहरूको अन्त्यको लागि कानूनको प्रभावकारी कार्यान्वयन र चेतनामूलक कार्यक्रमहरूलाई साथसाथै लैजानु आवश्यक देखिन्छ। अपाङ्गता भएका व्यक्तिहरूको हक-अधिकार संरक्षणका लागि सबै क्षेत्रमा र तहमा उनीहरूको पहिचान, पहुँच र सामर्थ्य वृद्धिका लागि प्रभावकारी कदम चाल्न आवश्यक देखिन्छ। दण्डहीनताको अन्त्यका लागि राजनीतिक प्रतिबद्धतासहित प्रभावकारी कानूनको कार्यान्वयन अत्यावश्यक देखिएको छ। शिक्षा, स्वास्थ्य आवास, खाद्य जस्ता आधारभूत विषयबस्तुमा पहुँच विहीन र पछाडि पारिएका समुदायहरुको सहज र समान पहुँचका लागि प्रभावकारी कदम चाल्न आवश्यक देखिएको छ।

मानव अधिकारको क्षेत्रमा यस वर्ष अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिनिधित्व उल्लेखनीय हुन सकेको छ । राष्ट्रसंघीय मानव अधिकार परिषद् सदस्यमा नेपालले ३ बर्ष कार्य गर्ने अवसर मिलेको छ । यो अवसर नेपालमा विद्यमान दण्डहीनताको स्थितिको अन्त्य र सुशासनको प्रत्याभूति गर्न केन्द्रित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । आयोगको स्वायत्तता र स्वतन्त्रता तथा यसको अन्तर्राष्ट्रिय जगतमा निरन्तरको "क" बर्गको सुरक्षित स्थानले पनि यसमा उल्लेखनीय योगदान पुगेको स्मरण गर्न चाहन्छु। आयोगले यो बर्षको अन्त्यतिर मानव अधिकारका विषयमा दक्षिण एशियाली क्षेत्रले भोग्नु परेका विभिन्न विषयमा दक्षिण एशिया सम्मेलन गर्ने तयारी शुरु गरेको छ। हालै बैंककमा भएको एशिया प्यासिफिक क्षेत्रका मानव अधिकार आयोगहरुको सम्मेलनमा हामीले दक्षिण एशियाली सम्मेलन गर्ने बारे आफ्नो अवधारण प्रस्तुत गरेका छौं । यदाकदा सरकारी कर्मचारीतन्त्रमा देखिने गरेको सैद्धान्तिक र व्यावहारिक परिदृष्यहरुले आयोगको स्वायत्ततालाई आत्मसाथ गर्न नसकेको प्रतीत हुन्छ । आयोगको काम तथा कार्यक्रम संचालन गर्ने सम्वन्धमा आर्थिक सहयोग समयमै स्वीकृती नदिँदा काममा केही प्रतिकुल अवस्था समेत उत्पन्न हुन जान्छ । आयोगको प्रतिष्ठामा राष्ट्रको प्रतिष्ठा अन्योन्याश्रित हुने विषयतर्फ नेपाली प्रशासन र राजनीतिले यथेष्ठ ध्यान पुऱ्याउने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु।

सम्माननीय प्रधानमन्त्रीज्यू तथा अतिथिज्यूहरु,

नागरिक आन्दोलनको सतत प्रयासमा स्थापित यस आयोगको आधारस्तम्भ सम्पूर्ण नागरिक समाज, मानव अधिकारकर्मी तथा संचारजगत भएकाले सबै सरोकारबालाहरूमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा विगतमा झैं यथेष्ठ सहयोग र सहकार्यको अपेक्षा गर्दछु । सबै सुरक्षा संयन्त्र, सरकारी निकायहरू, राजनीतिक दलहरू, पेशागत संघसंगठन एवं वुद्धिजिवी वर्गले मानव अधिकार संस्कृतिको विकास गर्दै मानव मर्यादा उच्च राख्न आ-आफ्नो स्थानबाट यथेष्ठ सहयोग पुऱ्याउनु हुने नै छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु।

**मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा**

राष्ट्रिय मानव अधिकार आयोगमा उजूरी गरौं ।

**उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।**

उजूरी कुनै पनि भाषामा लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानव अधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

## उजूरी दिने ठेगानाः

राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर, नेपाल

फोनः ०१ ५०१००१५ हटलाइन ०१ ५०१००००

इमेलः complaints@nhrcnepal.org Website: www.nhrcnepal.org

Facebook: www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal Twitter: @NepalNHRC

पूर्वाञ्चल क्षेत्रीय कार्यालय, वरगाछी, विराटनगर,
फोनः ०२१-४६१९३१, ४६१०९३, फ्याक्सः +९७७-२१-४६११००, इमेलः nhrcbrt@nhrcnepal.org
मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर,
फोनः ०४१-५२७८११, ५२७८१२ फ्याक्सः +९७७-४१-५२७२५० इमेलः nhrcjnk@nhrcnepal.org
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा,
फोनः ०६१-४६२८११, ४६३८२२, फ्याक्सः ९७७-६१-४६५०४२, इमेलः nhrcpkr@nhrcnepal.org
मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज,
फोनः ०८१-५२६७०७, ५२६७०८, फ्याक्सः ९७७-८१-५२६७०६, इमेलः nhrcnpj@nhrcnepal.org
सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी,
फोनः ०९१-५२५६२१, ५२५६२२, फ्याक्सः ९७७-९१-५२५६२३, इमेलः nhrcdhn@nhrcnepal.org
दिक्तेल, खोटाङ्ग, फोनः ०३६-४२०२८४ इमेलः nhrckht@nhrcnepal.org
बुटवल, रुपेन्देही, फानः ०७१-५४६९११ इमेलः nhrcbtl@nhrcnepal.org
जुम्लाबजार, जुम्ला, फोनः ०८७-५२०२२२, इमेलः nhrcjum@nhrcnepal.org
उप-क्षेत्रीय कार्यालय सानेपा, ललीतपुर फोनः ०१-५५३०३६२, इमेलः nhrcsnp@nhrcepal.org


## मानव अधिकार पत्र प्रकाशन समितिः

संयोजक : यज्ञ प्रसाद अधिकारी

सदस्यहरुः हरिप्रसाद ज्ञवाली, दुर्गा पोखरेल, लक्ष्मी राई, रबिता त्वाती